आर्थिक बर्ष २०८१/८२ को

# नीति तथा कार्यक्रम

साँफेबगर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

साँफेबगर , अछाम

सुदूरपश्चिम प्रदेश

**२०८१ साल असार ०७ गते प्रस्तावित**

**२०८१ साल असार ०९ गते प्रारित**

www.sanfebagarmun.gov.np

**साँफेबगर नगरपालिका**
**आर्थिक बर्ष २०८१।०८२ को नीति तथा कार्यक्रम**

**सभाअध्यक्ष ज्यू,**
**नगर सभा सदस्यहरु,**

सभा अध्यक्ष ज्यूको अनुमतिले अब म आर्थिक बर्ष २०८१/०८२ को लागि यस साँफेबगर नगरपालिकाले लिएको नीति तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्न चाहन्छु ।

**सभा अध्यक्षज्यू,**

सात दशक लामो अनवरत संघर्षबाट प्राप्त भएको नेपालको संविधानमा व्यवस्था भए बमोजिम स्थानीय तहको दोस्रो कार्यकालको पाँचौ नगर सभामा हामी सहभागी भएका छौं। यो अवसर प्राप्त गर्न हाम्रा धेरै दाजु भाई दिदी बहिनीहरुले विभिन्न संघर्षहरुमा आफ्नो जीवन उत्सर्ग गरेका छन र कतिपयले त अझै सम्म पनि घाइते अवस्थामा रही कष्टकर जीवन व्यतित गरिरहनु परेको छ । सर्वप्रथम यस अवस्था सम्म ल्याइ पुर्याउन आफ्नो महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने ती ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु र घाइते अवस्थामा रही कष्टकर जीवन व्यतित गरिरहेका दाजु भाई दिदी बहिनीहरु प्रति उच्च सम्मान प्रकट गर्दै शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । नेपालको संविधान जारी भए पश्चात स्थापित स्थानीय सरकारको दोस्रो कार्यकालको तेस्रो आ.व. को नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा विगत एक बर्षमा हामीले गरेका अनुभव, अभ्यास र वस्तुस्थितीको विश्लेषण गर्न भरमग्दुर प्रयत्न गरिएको छ । यो एक बर्षको दौरानमा हामीले प्रयास गरेका कार्य सम्पादनमा समर्थन गर्दै सहयोग गर्नुहुने आम नगरवासी, समाजसेवी, बुद्धिजिवी, पत्रकार, जनप्रतिनिधी तथा राष्ट्रसेवक कर्मचारी प्रति हार्दिक आभार प्रकट गर्दै धन्यवाद दिन चाहान्छु ।

**सभा अध्यक्षज्यू,**

दोस्रो कार्यकालको तेस्रो बर्षको नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा आज हाम्रो सामुमा रहेको विद्यमान परिस्थितीको बारेमा छोटो विश्लेषण गर्न चाहन्छु । विभिन्न कालखण्डमा भएका संघर्ष र ती संघर्षमा आफूलाई बलिदान गर्नुहुने शहिदको एउटै उद्धेश्य थियो की देशमा स्थिर राजनीतिक व्यवस्था कायम रहेर आर्थिक र सामाजिक क्रान्तिमा राष्ट्रले प्रगतिको बाटोमा अघि बढोस् भन्ने चाहना थियो । नेपालको संविधानले राष्ट्रको राजनीतिक स्थिरता परिकल्पना गरेतापनि यसलाई ठीक ढंगले सम्बोधन गर्न नसक्दा राजनीतिमा स्थिरता नभएको होकी भन्ने आम जनमानसमा परिरहेको छ । जसले गर्दा देशलाई आर्थिक र समाजिक क्षेत्रमा युद्ध स्तरमा परिवर्तन गर्ने अपेक्षामा निराशा पैदा हुने खालको अवस्था सिर्जना हुँदा हामीले परिकल्पना गरेको परिणाम प्रत्याभूती हुन नसक्ने होकी भन्ने आशंका पैदा भइरहेको छ । आर्थिक क्षेत्रमा आइरहेको मन्दिका कारण सामाजिक क्षेत्र र विकासको क्षेत्रमा अपेक्षाकृत कार्य गर्न नसक्ने अवस्थाले हामीले आशंका गरेको कुरालाई पुष्टि हुन सक्ने अवस्था रहेको छ ।

**सभा अध्यक्षज्यू,**

राष्ट्रिय राजनीतिमा देखा परेको अस्थिरताको संकेत र त्यसबाट प्रभावित भएको अर्थतन्त्रले स्थानीय तहले कार्य सम्पादन गर्दा प्राप्त गर्नुपर्ने सहयोगको कमी र हामीले प्रक्षेपण गरेको आन्तरिक स्रोतको अपेक्षाकृत उपलब्धी हासिल गर्न नसकी रहेको र आवश्यकता अनुसारको जनशक्ति अभावका बीच हामीले दोस्रो कार्यकालको तेस्रो बर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेका छौं ।

## १. विकास र समृद्धिको लक्ष्य प्राप्तिका लागि गरिएका महत्वपूर्ण प्रयास, अवसर तथा चुनौती

**(क) चालिएका कदम तथा महत्वपूर्ण प्रयासहरू**

- लिसाको अंक ८३.०० प्राप्त भएकोछ,
- विभिन्न ऐन, नियमावली, कार्यविधी, मापदण्ड र आचारसंहिता संशोधन र निर्माण भएका छन
- नयाँ शहर आयोजना कार्यालयको सहकार्यमा बसपार्क, खेलकुद मैदान निर्माण कार्यको शुभारम्भ
- सघन शहरी विकास कार्यालय मार्फत लुंग्रेलीगाड बैद्यनाथ धाम पक्की सडक, छिपेखोला वारीपारी पक्की सडक, छिपेखाला दोभान देखि झोलुंगेपुल सम्मको पक्की सडक, सिद्धेश्वरको सरुखेल्ने हरियाली पार्क, बयालपाटा पार्क, निर्माण, साँफेबगर देखि जनकल्याण सम्म पक्की सडक, नगर प्रमुख र उपप्रमुख र प्रमुख प्रशासकीय आवासीय भवन लगाएतका बिभिन्न आयोजनाहरुको कार्य सञ्चालन भएको,

- पूर्वाधार विकास कार्यालय मार्फत सिद्देश्वर-बुढाकोट सडक र मष्टामाण्डौ-नवाठाना सडक स्तरोन्नती सहिच कालोपत्रे गर्ने कार्यको सुरुवात,
- जलस्रोत तथा सिंचाई डिबिजन कार्यालय मार्फत बुढिगंगा पक्की पुल देखी चिउरीनाव सम्म ग्यावीन तटबन्धन कार्यको साथै बैजनाथधाममा RCC तटबन्धन कार्यको निरन्तरता,
- वडासैन खेलमैदान र कालिमाटि खेलमैदान कार्यको निरन्तरता,
- बयालपाटा अस्पतालको संचालनका लागि नेतृत्वदायी भूमिका सहित अनुदानको व्यवस्थापन का साथै ट्रमा सेन्टरको विस्तृत परियोजना प्रतिवेदन तयार गरीएको,
- सुदूरपश्चिम प्रदेश सरकारसँगको साझेदारीमा सिद्धेश्वर बुढाकोट सडक, मष्टामाण्डौ नवाठाना, हिमालय मा.वि. विम्कोट खोला , बुढावगर - बाब्ला सडक चौखुट्टे पातलकोट सडकको स्तरोन्नती कार्य भैरहेको
- यसै आर्थिक बर्षमा खप्तड र नवाठाना वडा कार्यालयहरु बनेका छन र साथै खप्तडको पुत्रुमा गाँउघर क्लिनक निर्माण गरिएको
- गैरसरकारी क्षेत्रसंगको सहकार्यमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण क्षेत्रमा राम्रो प्रगति भएको मान्न सकिन्छ,
- स्थानिय उत्पादनमा आधारित दिवा खाजा कार्यक्रम

**(ख) विद्यमान चुनौती तथा अवसरहरू**

हामीले नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा हाम्रो नगरपालिकाको विद्यमान अवस्थाको विश्लेषण गरेनौं भने हामीले लिन खोजेको गन्तव्य सुनिश्चित नहुन सक्छ । बुढीगंगा नदी लगायतका विभिन्न खोलाहरुमा बर्षेनी आउने बाढीले जनधनको क्षति पुर्याइरहेको कुरा सर्वविदितै छ ।

युवा जनशक्ति पलायनबाट हामीसँग रहेका उर्वर खेतीयोग्य जमिन बाँझो रहनु तथा लगाइएको बालीनाली पनि प्राकृतिक प्रकोप र जंगली जनावरको प्रहारले आशातित उत्पादन गर्न नसकिरहेको अवस्था छ । भौगोलिक विकटताका कारण स्वास्थ्य क्षेत्रमा अधिकतम प्रयास गर्दा पनि कहींकतै पूर्णरुपमा स्वास्थ्य सेवा व्यवस्थापन गर्न कठिन भइरहेको र तीनै तहका सरकारको स्पष्ट अवधारणा नभएका कारण शिक्षा क्षेत्रमा भौतिक पूर्वाधारको कमी र शैक्षिक सामग्रीको उचित व्यवस्थापन र आवश्यकता अनुसारको दक्ष जनशक्तिको कमीका साथै र अनुशासित तथा मर्यादित रुपमा शिक्षण पेशालाई परिभाषित गर्न नसक्दा शिक्षा क्षेत्रलाई अपेक्षाकृत व्यवस्थापन गर्न सकिरहेका छैनौं । विभिन्न क्षेत्रमा देखापर्ने समस्या र चुनौतीका बाबजुद पनि समथर मैदानी भूभाग देखि उच्च पहाडी क्षेत्र रहेको साँफेबगर नगरपालिकाको उर्वर समथर भूमिमा धान, गहुँ, मकै र उच्च भेगमा रैथाने बाली कोदो,जौ, कागुनु, बेथे जस्ता बालीको उत्पादन र तरकारी फलफूल र दुधको पकेटक्षेत्र निर्धारण गरी उत्पादनमा वृद्धि र बजारीकरण गर्न सकेको खण्डमा हाम्रो आर्थिक वृद्धि तथा आर्थिक विकास हुने मात्र नभई यी क्षेत्रमा आत्मनिर्भर हुन सक्ने सम्भावना पनि रहेको छ । नेपालकै चार धाम मध्येको एक धाम बैद्यनाथ धाम, जिमराडी, कालालेकी, धवलछडा, विमकोट दरबार, खप्तड लगायत क्षेत्रको संरक्षण संम्बर्द्धन गर्दै सुदूरपश्चिम प्रदेशकै पर्यटकीय गन्तव्यको रुपमा परिचित खप्तड सम्म आवत जावतमा विद्यमान पैदल मार्गलाइ व्यवस्थित गर्न सकेमा आन्तरिक तथा बाह्य पर्यटक आगमनलाई सुनिश्चित गरी पर्यटन क्षेत्र बाट पनि साँफेबगर नगरपालिकाको आय स्तरमा वृद्धि गर्नको साथै युवा पलायन र बसाइ सराईलाई रोक्न सक्ने सम्भावना रहेको छ ।

सेतीलोकमार्ग, मध्यपहाडी लोकमार्गको मध्यविन्दुमा रहेको हाम्रो साँफेबगर नगरपालिका साँफेबगर विमानस्थल, नयाँ शहर, बुढीगंगा जलविद्युत जस्ता महत्वाकांक्षी आयोजनाहरु कार्यान्वयनमा रहेका छन । यी लोकमार्गहरुको निर्माण सम्पन्न गर्न सकेमा र साँफेबगर विमानस्थल फराकिलो गरी बढी सिट क्षमता भएका हवाइ जहाजहरु सञ्चालन गर्न सकेको खण्डमा नगरपालिकामा थप आम्दानी गर्न सकिने सम्भावना त्यत्तिकै रहेको छ । यसका साथै बुढीगंगा नदी लगायत अन्य खोलाले बर्षेनीरुपमा क्षति पुर्याउँदै आएको विद्यमान अवस्थालाई नियन्त्रण गर्न सकेको खण्डमा धेरै उर्वरा भूमिबाट उत्पादन वृद्धि गर्न सकिने र यहाँबाट हुने बसाइ सराईलाई नियन्त्रण गरी नगपालिकाले लिएको सुन्दर समृद्ध साँफेबगर बनाऔं राष्ट्रकै नमूना नगर भन्ने नारालाई सार्थक बनाउन सकिने अवसर हामीसँग रहेको छ ।

## २. चालु आ.व.को हालसम्मका प्रमुख उपलब्धिहरूको संक्षिप्त विवरण

- यस आ.व. मा जम्मा योजना ८८ वटा रहेका छन् जसमध्ये ३२ योजनाको भुक्तानी भैसकेको छ ।जसमध्येः
- **भवन निर्माण तर्फ** : यस आ.व. २०८०/०८१ मा यस नगरपालिका अन्तर्गत भवन निर्माण तर्फ जम्मा ९ वटा योजना रहेका छन् जस मध्ये ४ वटा भवन निर्माण कार्य भएको र बाकि ५ वटा योजना संचालित छन् ।

- **खानेपानि निर्माण तर्फः** यस आ.व. २०८०/०८१ मा यस नगरपालिका अन्तर्गत खानेपानी निर्माण तर्फ जम्मा २० वटा योजना रहेका छन्. जसमध्ये ८ योजनाको भुक्तानी भैसकेको छ भने बाँकी योजनाको निर्माण कार्य अन्तिम चरणमा रहेको छ।
- **सिचाई निर्माण तर्फः** यस आ.व. २०८०/०८१ मा यस नगरपालिका अन्तर्गत सिचाई निर्माण तर्फ जम्मा ७ वटा योजना रहेका छन्. जसमध्ये २ योजनाको भुक्तानी भैसकेको छ भने बाँकी योजनाको निर्माण कार्य अन्तिम चरणमा रहेको छ ।
- **सडक निर्माण तर्फ :** यस आ.व. २०८०/०८१ मा यस नगरपालिका अन्तर्गत सडक १९ वटा योजना छन् जस मध्ये ९ वटाको भुक्तानी भएको र बाँकि १० वटाको भुक्तानी हुन् बाँकि रहेको छ ।
- **ठेक्का तर्फका योजना :** यस आ.व. २०८०/०८१ मा यस नगरपालिका अन्तर्गत ४ वटा ठेक्का भएका जस मध्ये २ वटा सम्पन्न भइसकेका छन् बाँकि २ वटा योजना सम्झौता भई काम भइरहेको छ ।
- अन्य निर्माण तर्फ : यस आ.व. २०८०/०८१ अन्य निर्माण योजना अन्तरगत गोरेटो बाटो, प्रतिक्षालय निर्माण, घेरा प्रखाल निर्माण, सौचालय निर्माण, मेसेनारी वाल, तटबन्धन निर्माण, फर्निचर निर्माण, मठ मन्दिर निर्माण , झुलुंगे पुल पर्दछन जसमा जम्मा २८ वटा योजना रहेका छन् जसमध्ये ७ वटा योजनाको भुक्तानी भई सकेको छ र बाँकि योजना कार्य सम्पन्नको अन्तिम चरण मा पुगेका छन् ।
- **सुरक्षित नागरिक आवास कार्यक्रम** अन्तर्गत **२८ घर दुरीलाई ७५,०००** का दरले रकम विनियोजित हुँदा सम्पूर्ण योजना संचालित रहेका छन् ।
- रोजगार उपभोक्ता समितिका पदाधिकारी लगाएत अन्य काममा छनौट श्रमिकहरुलाई अभिमुखिकरण गरिएको ।
- कामको लागि छनौट भएका श्रमिकहरुलाई लाभग्राही परिचय-पत्र वितरण गरिएको ।
- कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना अन्तर्गत १० वटा र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना अन्तर्गत ११ वटा आयोजना गरी जम्मा २१ वटा सम्पन्न भएको ।
- यूवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनामा सूचिकृत ४० जना बेरोजगार ब्यक्ति र कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनामा ५७ जना बेरोजगार व्यक्ति गरी ९७ जनालाई न्यूनतम रोजगारीमा संलग्न गराइएको ।
- आ.व. २०८१/०८२ को लागि वडाबाट प्राप्त ७४२ जना बेरोजगार व्यक्तिको निवेदनलाई आवश्यक प्रक्रिया पुर्याई ७२० जनालाई बेरोजगारको सूचीमा सूचीकृत गरिएको ।
- सूचिकृत ७२० जना बेरोजगार व्यक्तिहरु विवरण रोजगार व्यवस्थापन सुचना प्रणाली (EMIS) मा प्रविष्ट गरिएको ।
- काममा संलग्न श्रमिकको व्यक्तिगत बैक खाता खोली बैंङ्किक प्रणालीबाट ज्याला भुक्तानी गरिएको ।
- वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको लागि श्रम स्वीकृती र पुनः श्रम स्वीकृतीका लागि सहजिकरण कार्य थालनि गरिएको।
- बाल दिवस, अपांगता दिबस र लैङ्गिक हिंसा विरुद्धको दिवसका अवसरमा देउडा प्रतियोगिता संचालन र २८ जना अपाङ्गता भएका व्यक्तिहरुसँग अर्न्तक्रिया र न्यानो लुगा वितरण कार्यक्रम संचालन गरी सम्पन्न गरिएको ।
- लैंङ्गिक हिंसा विरद्धको १६ दिने अभियानको अवसरमा हिंसा प्रभावित, एच.आइ.भी. संक्रमित र दलित एकल गरी ४२ जना महिलाहरुसँग अर्न्तक्रिया र खाद्यान सामग्री वितरण कार्यक्रम संचालन गरी सम्पन्न गरियो।
- लैंङ्गिक उत्तरदायी बजेट सम्बन्धी कर्मचारी र जनप्रतिनिधिहरुलाई अभिमुखिकरण कार्यक्रम संचालन गरी सम्पन्न गरियो ।
- महिला उद्यमीहरुलाइ उद्यमशीलता सम्बन्धी १ दिने अभिमुखिकरण, बैठक सन्चालन र व्यवसाय गर्ने महिलाहरुको समुह छनोट तंथ्याङ्क संकलन कार्यक्रम संचालन गरी सम्पन्न गरियो
- आस्था नेपालसँगको सन्वयमा बाल अधिकार समितिको नियमित मासिक बैठक संचालन गरी बाल संजाल गठन र अभिमुभिकरण कार्यक्रम संचालन गरी सम्पन्न गरियो ।
- कर्मचारी व्यवस्थापनमा प्रदेश लोकसेवा आयोगबाट सिफारिस भइ आएका ३ जनाको बैकल्पिकको नियुक्ति तथा पदस्थापना गर्नुका साथै अ.न.मी. १ जना, राजस्व सहायक -१, बगैचे माली -१, सहजकर्ता-१, फोहोर व्यवस्थापक -१, का.स. -२, ट्याक्टर चालक-१, खेल प्रशिक्षक-१ जना करारबाट पदपुर्ती गरिएको,
- स्वैच्छिक राजिनामा दिएका अ.न.मी. १ जना, लेखापाल-१ जना, सहायक-१ जना, सहजकर्ता १ जना रहेका साथै २ जना कर्मचारीहरुको रमाना दिएको, २ जना स्वास्थ्य सेवाका कर्मचारीहरुको स्तरबृद्धि सिफारिस,
- करार कर्मचारीहरुको करार सम्झौता भएको,

- सबै कर्मचारी र जनप्रतिनिधिहरुको सम्पत्ति बिवरण यस कार्यालयमा दर्ता गरी अनलाइन प्रविष्ट गरिएको, साथै प्रदेश कार्यालयमा पेश भएको,
- कार्यालयमा कार्यरत सबै स्थायी कर्मचारीहरुको कार्यसम्पादन मूल्यांङ्कन फाराम संकलन गरी मूल्याङ्कन गरिएको,
- ११ जना कर्मचारी प्रदेश लोकसेवा आयोगबाट माग फाराम भरी माग गरिएको,
- सार्वजनिक सुनुवाई १ पटक लगायत नगरपालिकामा हुने विभिन्न प्रकारका बैठक संयोजन गरेको,
- संघ, प्रदेश, स्थानीय तहका साथै अन्तर्राष्ट्रिय/राष्ट्रिय गैरसरकारी संघसंस्थाहरुसंग समन्वय गरी सहजीकरण गर्नुका साथै सहकार्य भएको,
- प्राविधिक र वडा सचिबहरुको पदस्थापना तथा जिम्मेवारी साथै कर्मचारीहरुको हाजिरी र विदा अभिलेख व्यवस्थापन,
- सा.न.पा. ०९ बुढाकोटमा घरेलु तथा साना उद्योग कार्यालय र यस पालिकाको समन्वयमा १३ जनालाई व्याण्ड बाजा तालिम, सा.न.पा. १२ खप्तडमा १० जनालाई सिलाई कटाई तालिम र घरेलु तथा साना उद्योग, समविकास नेपाल र साँफेबगर नगरपालिका उद्यम विकास शाखा मार्फत साँफेबगरमा १० जनालाई झोला बनाउने तालिम सम्पन्न गरेको,
- समुदायमा आधारित विपद पुर्वतयारी तथा प्रतिकार्य तालिम सम्पन्न गरेको,
- सेवाग्राहि पहिचानको लागि घरभेट, बिद्यालय,आमा समुह,बिभिन्न सघं सस्था, समुदायमा आदिमा अभिमुखिकरण कार्यक्रम गरियो।
- समन्वयः बिबाह दर्ता, नागरिकता र लैंगिक हिंसा प्रभाबितलाई रिफरको लागि वडा कार्यालयमा समन्वय, लैंगिक हिंसा प्रभाबितलाई आर्थिक सहयोगको लागि लैंगिक हिंसा निवारण कोष समिति समन्वय, बिद्यलयमा शिक्षक समन्वय, आमा समुह, आवश्यकता अनुसार पालिकामा रहेका बिभिन्न समुह र सघं सस्था,संग समन्वय,सहकार्य गरियो ।
- लैंगिक हिंसा प्रभाबित व्यक्तिलाई भावनात्मक सेवा र मनोसामाजिक सेवा प्रदान गरेको संख्या - ४३५ जना जसमध्येः शारीरिक हिंसा — ६२, मानसिक हिंसा — ३६९, बहुबिबाह — ३, स्रोतसाधनबाट बंचित - १
- समुदायमा जनचेतनामुलक कार्यक्रम गरी लाभान्वित भएकाको संख्या - महिला - ३६८५ जना - पुरुष - २७२ जना
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नयाँ नाम दर्ता ७१५ जना, सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण ५६३८ जना तथा लगतकट्टा ७३५ जना।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीलाई भत्ता वितरण गरिएको विवरण
  पहिलो त्रैमासिकमा ५९२२ जना लाभग्राहीलाई रु. ४१६३९९८०, दोस्रो त्रैमासिकमा ६०१४ जना लाभग्राहीलाई रु.४१७४३८७४ तेस्रो त्रैमासिकमा ६००१ जनालाई रु. ४२०२०५७४ र चौथो त्रैमासिकमा ६०२२ जनालाई रु. ४२४३७८९६ रकम **EFT** मार्फत वितरण गरिएको ।
  व्यक्तिगत घटना दर्तामा जन्म दर्ता संख्या १०१५, मृत्यु दर्ता संख्या २५४, सम्बन्ध विच्छेद दर्ता संख्या ०२, विवाह दर्ता संख्या ३०२ र बसाईसराई दर्ता संख्या १७२ (बसाईसराई सरी आउने सदस्य संख्या ४४ जना र बसाईसराई सरी जाने सदस्य संख्या ४१७ जना )
- प्रणालीमा आधारित सामाजिक सुरक्षा परिचयपत्र छपाई तथा वितरण कार्य सम्पन्न संख्या :- जम्मा १३७७ गोटा ।
- साँफेबगर नगरपालिकामा विद्यमान सहकारीहरुको विवरण संकलन गरेको जसमा २२ वटा सक्रिय कारोवार गरिरहेका छन
- करको दर र दायरा संशोधन अभिमुखिकरण कार्यक्रम सम्पन्न गरेको,
- हालसम्मको राजस्व संकलन रकम रु. ७९८२९०३।— संकलन भएको छ,
- यस नगरपालिका साँफेबगर बजार क्षेत्रभित्र सिसिटिभि क्यामेरा जडान कार्य प्रक्रियामा रहेको,
- २० वटा घरजग्गा नक्सा पास भएका छन,
- कानून शाखामा दर्ता भएका विवाद संख्याः २ वटा जसमध्ये पति पत्नीबीचको सम्बन्ध सुधार- १ वटा फछ्र्यौट भएको र इज्जत प्रतिष्ठामा आँच तथा गाली बेइज्जत- १ वटा दर्ता भएको,
- आ.व. २०७९।०८० को स्वास्थ्य कार्यक्रमहरूको वार्षिक समिक्षा सम्पन्न गरि स्वास्थ्य संस्थाको **Ranking** गरिएको ।
- स्वास्थ्य संस्थाका प्रमुख तथा अन्य स्वास्थ्यकर्मीहरूलाई **eLMIS** तालिममा पठाईएको ।
- सम्पूर्ण स्वास्थ्य संस्थाहरूमा स्वास्थ्य संस्था न्यूनतम सेवा मापदण्ड कार्यक्रम **(HPMSS)** संचालन गरिएको

- १४ वटै वडामा ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रम संचालन गरि ३०१ जना गर्भवती महिलाले सेवा लिएको ।
- १४ वटै वडामा महिलाको पाठेघरको मुखको क्यान्सर सम्बन्धि **Screening** कार्यक्रम संचालन गरिएको ।
- आइ.पि.भि.खोप अभियानमा १३०० बालबालिकाहरूलाई खोप लगाइएको ।
- ९ महिना देखि ५ वर्ष मुनिका १३९४ बालबालिकालाई दादुरा रूबेला खोप अभियानमा खोप लगाईएको
- खाद्यान्न वालीको उन्नत बिँउमा अनुदान कार्यक्रमका साथै हिँउदे र वर्षे तरकारी पकेट कार्यक्रम सम्पन्न भएको,
- कृषि मेला प्रदर्शनी कार्यक्रम सम्पन्न,
- सा.न.पा. १४ भासुवन टोलमा १८ जनालाई पोषणमैत्री प्रबर्द्धन कार्यक्रम अन्तर्गत पोषण तथा सरसफाई सामग्री वितरण गरेको,

**सभा अध्यक्षज्यू,**

## ३. आगामी आ.व.का प्राथमिकता प्राप्त प्रमुख कार्यक्रमहरू

### १. आर्थिक विकासको अवस्था

### १.१ कृषि तथा खाद्य सुरक्षा

- विभिन्न बालि पकेट प्रबर्धन कार्यक्रम (तरकारी ,फलफुल ,आलु) संचालन गरीनेछ,
- बिज बृध्दि (खाधान्नः धन, गहु ) र तरकारी (केराउ, रायो, सिमि)कार्यक्रम संचालन गरीनेछ,
- रैथाने बालिलाई प्रवर्द्धन गरिने छ।
- करिसबारी स्थापनका लागी हिउदे तथा बर्से तरकारी बालीहरुको मिनिकिट वितरण गरीने छ,
- तरकारी बालिहरुमा कृषक पाठशाला कार्यक्रम संचालन गरीनेछ,
- कर्मचारी, जनप्रतिनिधिहरु, व्यापारीहरुसंग वजारीकरण सम्बन्धी अन्तर्क्रिया गोष्ठि संचालन गरिनेछ,
- कृषकहरुको उत्पादन तथा व्यवसायहरुलाई उत्साहित तथा प्रोत्साहन गर्नका लागि कृषि मेला प्रदर्शनी संचालन गरिनेछ,
- कृषि सम्बन्धी विभिन्न किसिमका दिवसहरु संचालन गरिनेछ,
- विउँ भण्डारणका लागि ७५ प्रतिशत अनुदानमा मेटल बिन वितरण कार्यक्रम संचालन गरिनेछ,

### १.२ पशुपंछी

- दुध मासु र अण्डामा आत्मनिर्भर गर्ने भनी लिएको नीति तथा लक्ष्य अनुसार यस नगरपालिकालाई पनि आत्मनिर्भर बनाउन पशुपालन व्यवसाय संचालन गर्न युवा जनशक्तिलाई प्रोत्साहन गरी युवा लक्षित कार्यक्रमलाई (भैसीपालन, बाख्रापालन, कुखुरापालन) मा जोड दिइनेछ,
- पशुपंक्षीमा लाग्ने विभिन्न किसिमका रोगहरुको नियन्त्रण तथा निवारण गर्न र पशु रोग निदानको लागि विभिन्न रोगको उपचार तथा खोप लगाउने व्यवस्था मिलाइनेछ,
- नगरपालिकाको सबै वडामा पशुपालन तथा व्यवसाय सम्बन्धी सम्बन्धी प्राविधिक सेवा दिन उचित व्यवस्था मिलाइनेछ,
- विश्वकै सानो र दुर्लभ अछामी नौमुठे गाईको संरक्षण, सम्बर्द्धन प्रबर्द्धन गरी उत्पादन र उत्पादकत्वमा विशेष जोड दिइनेछ,
- बर्तमान अवस्था सुहाउदो बैज्ञानिक तथा आधुनिक प्राविधिक सेवा दिनका लागि प्राविधिक कर्मचारीहरुको क्षमता अभिबृद्धि कार्यक्रम गरिनेछ,
- पशु सेवा शाखालाई औजार, उपकरण र अन्य आवश्यक साधन तथा सामग्रिको लागि व्यवस्था मिलाइनेछ,
- पशु उपचार सेवा संचालन गरिने छ ।
- पशु स्वास्थ्य शिविर संचालन गरिने छ ।
- कृत्रिम गर्भाधानको व्यवस्था मिलाईनेछ।
- विपन्न दलित तथा अल्प संख्यक समुदायमा जिविकोपार्जन तथा आय आर्जन कार्यक्रम संचालन गरिने छ ।

### १.३ पर्यटन, सँस्कृति तथा साहित्य

- नगरभित्रका लोकसंस्कृति, रितिरिवाज, रहन सहन परम्परा र पञ्चैबाजाको संरक्षण र सम्बर्धन गरिने छ ।
- पर्यटन पूर्वधार विकासमा स्थानीय संघ संस्था, समुदाय तथा नीजि क्षेत्रको नेतृत्व तथा सहभागितालाई प्रोत्साहन गर्ने नीति अबलम्वन गरिने छ ।

- भाषा, कला , संस्कृतिको संरक्षण तथा साहित्य सम्बन्धी विभिन्न साहित्यिक तथा साँस्कृतिक कार्यक्रम आयोजना गरिने छ
- पहलमान सिँह स्वारको सम्झनामा साहित्य कार्यक्रम संचालन गरिने छ।
- बयालपाटा अस्पतालको लागि साँफेबगरमा भएका घटनाको संस्मरण किताब प्रकाशन गरिने छ ।
- पर्यटन संस्कृति तथा साहित्य मञ्च गठन गरिनेछ ।
- पूरातात्विक धरोहरको वृत्त चित्र निर्माण गरिनेछ ।
- सुदूरपश्चिम प्रदेशकै पर्यटकीय गन्तव्यको रुपमा रहेको खप्तडमा केवुलकार सेवा सञ्चालन गर्न उनीसैन देखि सहस्रलिंग सम्म केबुलकार सञ्चालनको लागि सम्भाव्यता अध्ययन गर्न पहल गरिनेछ ।

## १.४ घरेलु तथा साना उद्योग, वाणिज्य,व्यापार, व्यवसाय र आपूर्ति

- लघु उद्यम विकास कार्यक्रम लागु गर्नका लागि वडाहरु छनोट गरी अभिमूखिकरण कार्यक्रम सञ्चालन गरिने छ,
- स्थानीय स्रोत र साधन, सीप, प्रविधि र श्रममा आधारित उद्योगको प्रवर्धन गर्न जोड दिइनेछ ।
- लघु तथा घरेलु उद्योगलाई प्रोत्साहन र उद्योग सञ्चालनको लागि आवश्यक तालिमहरुको व्यवस्था गरी स—साना उद्यमबाट आय आर्जनमा सहयोग पुग्ने वातावरणको सिर्जना गर्ने तर्फ पहल गरिने छ ।
- उपभोक्ता र उत्पादक बिचको सुमधुर सम्बन्ध कायम राख्न नजिकका व्यापारी तथा बजारसँग समन्वय गरिनेछ ।
- उपभोक्ताको अधिकार संरक्षणका लागि उपभोक्ता सचेतना कार्यक्रम सञ्चालन गरि उत्पादित बस्तु तथा सेवाको गुणस्तरमा सुधार, बजार अनुगमन समेतका विधि अवलम्वन गरी स्थानीय उत्पादनका सामाग्रीहरुको उचित प्रवन्ध मिलाइने छ ।
- नगरभित्र संचलनमा रहेका उद्योग तथा अन्य व्यवसायिहरुको दर्ता, नवीकरणको लागि उद्योग वाणिज्य संघसँग आवश्यक समन्वय गरिने छ ।
- उद्योग तथा वाणिज्य क्षेत्रले समाजमा निर्वाह गर्नु पर्ने व्यवसायिक सामाजिक उत्तरदायित्वका बारेमा सचेतना तथा अन्तरक्रिया कार्यक्रम संचालन गरिने छ ।

## १.५ सहकारी

- सहकारी संस्थाहरु लाई नियमन संगै सहकारी प्रर्वद्धनमा सक्षम बनाउने तर्फ प्रयत्न गरिने छ ।
- नगरस्तरीय सहकारी सञ्जालको निर्माण गरी क्रियाशील बनाइने छ ।
- सहकारी संस्थालाई एकीकरण गर्ने कार्य अगाडी बढाई ठुला तथा सक्षम सहकारी संस्थाको व्यवस्थापन गरिने छ ।
- सरकारी, नीजि क्षेत्र र सहकारी बिचको सहकार्य र साझेदारीमा उत्पादन र सेवामूलक उद्योग, कृषि व्यवसाय सञ्चालन गर्न प्रोत्साहन गरिने छ ।
- नियमित अनुगमन गर्दै सहकारी संस्थाहरुको संस्थागत सुशासन कायम गरिनेछ ।
- सहकारी संस्थाबाट भए गरेका क्रियाकलापहरु समयमै नगरपालिकामा जानकारी गराउने व्यवस्थालाई कडाईका साथ कार्यान्वयनमा ल्याईने छ ।
- गरीबी निवारणको रकम सम्बन्धित समूहलाई फिर्ता गरिने निति लिईने छ।
- सहकारी संस्थाहरुको दिगोपन तथा नियमन गर्नका लागि छुट्टै शाखाको व्यवस्था गरिनेछ ।

# २ सामाजिक विकासको अवस्था

## २.१ स्वास्थ्य

- सुरक्षित गर्भपतन सेवालाई निरन्तरता दिइनेछ,
- पोषण लेखाजोखा कार्यक्रम गरिनेछ,
- VIA कार्यक्रम संचालन गरिनेछ,
- किशोरी आइरन फोलिक एसिड समिक्षा गरिनेछ,
- HP-MSS संचालन गरिनेछ,
- सामुदायिक महिला स्वास्थ्य स्वयं सेविका अर्धवाषिक समिक्षा संचालन गरिनेछ,
- नियमित स्वास्थ्य संस्थाहरुको मासिक बैठक संचालन गरिनेछ,

- प्रसुति सेवा केन्द्रमा कार्यरत नर्सिङ स्टाफको लागि SBA तालिमको व्यबस्था गरिने छ ।
- आवश्यक स्वास्थ्य उपकरण र औषधी खरिद प्रकृयालाइ निरन्तरता दिईनेछ ।
- महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई परिचय पत्र वितरण गर्दै उनीहरुलाई प्रोत्साहनको व्यवस्था गरिनेछ ।
- ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- विभिन्न संघ संस्थासँगको साझेदारीमा प्रजनन स्वास्थ्य ,HIV प्रभावित तथा प्रवासीहरुमा जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

## २.२ शैक्षिक विकास

### क. शैक्षिक व्यवस्थापन तर्फ

- शैक्षिक सुधारका विषयमा आवश्यक्ता अनुसार शिक्षक, अभिभावक, विद्यार्थी, राजनैतिक दल, वुद्दिजिवी, पेशागत संघ संगठन लागायतका व्यक्तीहरुसङ्ग निरन्तर छलफल, सहकार्य तथा समन्वय गरिनेछ ।
- नगर भित्रका सामुदायिक विद्यालयहरुमा क्रमशः डिजिटल प्रविधिको पहुँच सुनिस्चित गरिनेछ ।
- आधरभूत तह कक्षा-८ को अन्त्यमा लिइदै आएको परिक्षालाई थप व्यवस्थित गरिदै लगिने छ ।
- विद्यालय कर्मचारी तथा बालविकास शिक्षकहरुलाइ प्रोत्साहित गर्न नेपाल सरकारले निर्देशन गरेको नपुग रकम नगरपालिका बाट उपलब्ध गराइनेछ ।
- न्यून शिक्षक दरवन्दी भएका विद्यालयमा प्रदान गरिएका नगर शिक्षक कोटाहरुलाई यथावत कायम गरिनेछ । सोका लागी नगर शिक्षक अनुदानको व्यवस्था गरिनेछ ।
- विद्यालय सुपरिवेक्षण तथा अनुगमन कार्यलाई थप व्यवस्थित गरिदै लगिनेछ ।
- विद्यालयमा अध्ययनरत विद्यालय उमेर समुहका बालबालिकाहरुलाइ जुकाको औषधी, फोलिक तथा आइरन चक्की, दिवा खाजा, पाठ्यपुस्तक, छात्रवृत्ति, किशोरीहरुलाइ सेनेटरी प्याड लगायतका कार्यक्रमहरुलाइ निरन्तरता प्रदान गरिनेछ।
- स्थानीय उपजमा आधारित दिवा खाजा कार्यक्रमलाई थप व्यवस्थित गरिदै लगिनेछ ।

### ख. शैक्षिक सुशासन तर्फ

- विद्यालयका शैक्षिक तथ्याङ्कहरुलाई विश्वसनिय तथा भरपर्दो वनाउन विद्यालयहरुलाई निरन्तर निर्देशन गरीनेछ ।
- शैक्षिक तथ्याङ्कको प्रमुख स्रोतको रुपमा शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) लाई लिइनेछ ।
- सबै विद्यालयमा सूचना अधिकारी तथा गुनासो सुनुवाइ सयन्त्रको प्रभावकारी कार्यान्वयन गरीनेछ ।

### ग. क्षमता विकास तर्फ

- पाठ्यक्रम कार्यान्वयनका लागी समय समयमा मागमा आधारित क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- कक्षाकोठामा सूचना प्रविधिलाई प्रयोगमा ल्याउन शिक्षकहरुलाई सूचना प्रविधिमा आधारित तालिमको व्यवस्था गरिनेछ ।
- विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक समितिलाई विद्यालय व्यवस्थापन कार्यमा थप जिम्मेवार बनाउन विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक समितिका पदाधिकारीहरुको क्षमता विकास गरिनेछ ।
- सबै तहका शिक्षकहरुलाई शिक्षक पेशागत सहयोग, पृष्ठपोषण आदान प्रदान, कार्यक्रम सञ्चालन गरिनेछ ।
- शैक्षिक मेला तथा पर्दशनी कार्यक्रम सञ्चालन गरी शिक्षक, विद्यार्थी तथा विद्यालयहरुका नविव विचारहरुलाई एक आपसमा साटासाट गर्ने अवसर प्रदान गरिनेछ ।
- सामुदायिक सिकाइ केन्द्रहरुको क्षमता विकास गरी शैक्षिक क्रियाकलापमा सकृय सहभागी गराइनेछ ।
- आवश्यक्ता अनुसार बालविकास तथा विद्यालय क्रमचारीहरुको क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- विभिन्न सङ्घ संस्थाहरुको सहकार्यमा शिक्षकको क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

### घ. भौतिक पुर्वाधार तर्फ

- विद्यालयको आवश्यक्ता अनुसार भवन, शौचालय, खानेपानी, खाजाघर निर्माण, विद्यालय खेलमैदान, घेरा पर्खाल र मर्मत सम्भारका लागि संघ, प्रदेश तथा विभिन्न निकायहरुसङ्ग सहकार्य गरिनेछ ।

### ङ. अतरिक्त क्रियाकलाप तर्फ

- विद्यार्थीहरुका प्रतिभा पहिचान गर्न विविध अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।
- विद्यालयमा विभिन्न दिवसीय क्रियाकलाप सञ्चाल गर्न लगाइनेछ ।
- किसोरकिसोरीहरुमा सकारात्मक भावनाको विकास गर्न प्रत्येक सामुदायिक माध्यमिक विद्यालयहरुमा रुपान्तरण कक्षा सञ्चालनको व्यवस्था मिलाइनेछ ।

च. युवा तथा खेलकुद विकास तर्फ

- आधारभूत तहका विद्यार्थीहरुलाई खेलप्रति जागरुक गराउन नगरपालिका स्तरीय विभिन्न प्रतिसप्रधात्मक खेलकुद कार्यक्रम सञ्चालन गरिनेछ।
- नगर प्रमुख रनिङ शील्ड प्रतियोगितालाई निरन्तरता दिइनेछ ।
- नगर उप-प्रमुख कप अन्य खेलको आयोजना गरिनेछ।

छ. छात्रवृत्ती तर्फ

- विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई आवश्यक्ता अनुसार छात्रवृति व्यवस्थापन गरिनेछ ।

## २.३ खानेपानी तथा सरसफाइ

- सफा सुन्दर सँफैबगर बनाउन, बजार क्षेत्रमा हुने फोहोर व्यवस्थापनलाई विशेष पहल गरी फोहोर व्यवस्थापनमा जोड दिइनेछ,
- सफा खानेपानी व्यवस्थापनको लागि पहल गरिनेछ,
- फोहोर व्यवस्थापन तथा खानेपानी सुदृढिकरण सम्बन्धी सचेतनामुलक कार्यक्रमहरु संचालन गर्ने,
- WASH Plan बनाइने छ ।

## २.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

- समाजमा रहेका कुरिती, लैंगिक हिंसा विरुद्द चेतनामुलक कार्यक्रम तथा अभियान संचालन गरिनेछ ।
- बालबालिकाहरुको हक, अधिकार संरक्षण, संम्बर्द्धन र बालविवाह न्युनीकरणका लागि गठन गरिएका बालक्लबहरुको क्षमता विकासका लागि तालिमहरुको आयोजना गरिनेछ ।
- लागुपदार्थ दुर्व्यसनी न्यूनिकरण सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ,
- भौतिक संरचना निर्माण गर्दा अपांगमैत्री, बालमैत्री बनाउने तथा आमा बुवा गुमाएका बालबालिकाहरुका लागि सहयोग तथा सशक्तिकरण गर्ने नीति लिइनेछ ।
- लैगिक हिंसा विरुद्धको १६ दिने अभियान, तीज कार्यक्रम, नारी दिवश, जेष्ठ नागरिक दिवस, बाल दिवस र अपाङ्गता दिवस जस्ता कार्यक्रमहरु संचालन गर्दै लगिनेछ ।
- महिला विकास कार्यक्रम द्वारा प्रवर्दित महिला सहकारी संस्थाहरुको सुदृढीकरण गर्ने ।
- अपाङ्गता भएका व्यक्तिका लागि अपाङ्ग शिविर संचालन गर्ने ।
- महिलाहरुको पाठेघर खस्ने सम्बन्धि जनचेतनामुलक कार्यक्रमहरु संचालन गर्ने ।
- लैंगिक हिंसा निवारण कोषलाइ निरन्तरता दिने र बाल राहत कोष र एकल महिला कोष स्थापना गर्ने ।
- नगर उप-प्रमुखसंग कोसेली कार्यक्रम गरिनेछ।
- लैंङ्गिक विभेदमा आधारित हिंसा रोकथाम तथा प्रतिकार्य परियोजना कार्यक्रम अन्तर्गत सबै वडामा सामुदायिक मनोसामाजिक कार्यकर्ता विस्तार गर्ने ।
- लैंङ्गिक हिंसा न्युनीकरणका लागि पालिका स्तरीय अभियान संचालन गर्ने ।
- बालश्रम न्युनीकरणका लागि अभियान चलाउने र होटल व्यवसायीहरुलाइ अभिमुखिकरण गर्ने ।
- महिला उद्यमशिलता सहजीकरण केन्द्र संचालन कार्यक्रम संचालन गरिनेछ।
- बालमैत्री स्थानिय शासन घोषणाका लागि नगर तथा वडा स्तरको समितिलाई तालिम तथा अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ।
- ज्येष्ठ नागरिक, आमाबुवा गुमाएका बालबालिका तथा अपाङ्गता भएका व्यक्तीहरुसंग कार्यक्रम संचालन गरिनेछ।
- मानव बेचबिखन तथा ओसार पसारमा परेका पिडित लाई सुरक्षा तथा व्यवस्थापन निति लिइने छ ।
- साझेदारी संघ सस्थाहरुको सहकार्यमा विभिन्न कार्यक्रम संचालन गरिने छन् ।
- संजाल लाई सकृय बनाउन कार्यक्रम संचालन गरिने छ।
- कार्यस्थलमा आधारित सिप, क्षमता विकास र जिवनउपयोगी तालिम संचालन गरिनेछ ।
- महिला लक्षित रोजगारीका लागि तयारी क्लव सञ्चालन गरिनेछ।
- छाउ गोठ व्यवस्थापन तथा घर फरकाउ अभियान संचालन गरिनेछ।
- महिलाहरुलाई लागि नेतृत्व क्षमता विकास तालिम दिइनेछ।
- जातिय विभेद अन्त्यका लागि अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ।

## २.५ सामाजिक सुरक्षा

- सामाजिक सुरक्षा भत्ता रकम बैंकमार्फत वितरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुलाई प्रणालीमा अध्यावधिक विवरण सहितको परिचयपत्र वितरण कार्यलाई निरन्तरता दिईनेछ।
- व्यक्तिगत घटना दर्ताको पहुँच वृद्धि गराउनको लागि सबै वडाको टोल-टोलमा व्यक्तिगत घटना दर्ता शिविर सञ्चालन गरिनेछ।
- १४ वटै वडामा घटना दर्ता कार्यलाई अनलाईन प्रणालीमा दर्ता गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- व्यक्तिगत घटना दर्ताको २०७४ साल श्रावण भन्दा अगाडिको विवरण डिजिटाईज गरी घटना दर्ताको तथ्यांकलाई सुरक्षित, दिगो र पारदर्शी बनाईनेछ ।
- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धि कार्यरत कर्मचारीहरुको क्षमता अभिबृद्धिका कार्यक्रम संचालन गरिनेछ।
- वडा स्तरमा सरोकारवालाहरुलाई सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धि जनचेतना अभिवृद्धिका कार्यक्रम संचालन गरिनेछ ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्रहिको वायोमेट्रिक भेरिफिकेसन गर्नको लागि आवश्यक व्यवस्था गरिनेछ ।
- सामाजिक सुरक्षा भत्ता नलिने घोषणा गरेका लाभग्राहीहरुलाई सम्मान गर्ने ।

## २.६ बहुक्षेत्रीय पोषण योजना

- पोषण सम्बन्धि जनचेतनामुलक सडक नाटक सञ्चालन गरिनेछ,
- सुनौला हजार दिनका बालबालिकाको बिचमा स्वस्थ बच्चा प्रतिस्पर्धा (Healthy baby competition program) संचालन गरिनेछ,
- बिद्यालयमा पोषण शिक्षा संचालन गरिनुका साथै प्रारम्भिक बालविकास केन्द्रका सह जकर्ताहरुलाई पोषण सम्बन्धि तालिम संचालन गरिनेछ,
- बाल संजालका सदस्यहरुलाई पोषण सम्बन्धि अभिमुखीकरण/तथा तालिम संचालन गरिने छ ।
- पोषण मैत्री वडा घोषणा कार्यक्रमलाई प्राथमिकता दिइनेछ,
- महिला समूह तथा सहकारीलाई आय आर्जन सम्बन्धी अनुदान दिईनेछ।

# ३. पूर्वाधार विकास तथा शहरी विकासको अवस्था

## ३.१ वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

- नगरपालिका अन्तर्गत वडा कार्यालयको भवन तथा स्वास्थ्य चौकी भवन नभएका वडाहरुमा भवन निर्माण कार्यलाई प्राथमिकताका साथ अगाडी बढाउन पहल गरिनेछ ।
- सघन सहरी विकास कार्यालयको समन्वयमा खर, पराल तथा फुसले छाएका घरहरुलाई विस्थापित गरी जस्तापाताको छानामुनि ल्याउने प्रयोजनार्थ सुरक्षित नागरिक आवास कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।
- नयाँ शहर आयोजना कार्यालयको कार्यक्षेत्र नगरपालिकाको १४ वटै वडामा विस्तारको लागि पहल गरिनेछ ।
- उपभोक्ता समितिहरुलाई अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ।
- नगरपालिकाका दक्ष कामदारहरुलाई भूकंप प्रतिरोधी संरचना मेशन(मिस्त्री) तालिम संचालन गरिनेछ।

## ३.२ सडक, पुल तथा यातायात

- बुढाबगर, बाब्ला, खप्तड पुत्रु, भेरासेन हुँदै काँडा बाजुरा जोड्ने सडक, ठाँटि-देवीस्थान सडक, बुढाकोट-पातलकोट सडक, भैरवस्थान देखी कालिकास्थान, छिपेखोला – नवाठाना, साँफे खोला अस्थान, हिमालय मा.वि – विमकोट, प्रर्भा – बसकाटिया, बुढाकोट – ऐराडा, फुलोटिडाँडा, बुढाकोट – खप्तड, रिडिकोट वडा कार्यालय देखी जिमराडि, मोटेना-जिमराडि, बयालपाटा -बडाकोट ,जाल्पादेवी-लोली-पातलककोट सम्म सडकको लागत एसटिमेट तयार गरि स्तरोन्नति गरिने छ ।
- संग्रामतोली देखि ब्रमेली हुदै खप्तड नाईनी सडकको स्तरोन्नतीको लागि पहल गरिनेछ।
- कालभैरब मन्दिर देखि साँफेबगर एयरपोर्ट जोड्ने पक्की पुल निर्माणको लागि पहल गरिनेछ ।

- संघीय तथा प्रदेश सरकारसँगको सहकार्य र समन्वयमा नगरपालिकाका क्षेत्रका सडक कल्भर्ट तथा पुलहरु निर्माणका लागि लागत स्टीमेटका आधारमा आवश्यक बजेट व्यवस्था गर्न पहल गरिनेछ ।
- चौखुट्टे पातल, बुढाकोट, देविस्थान, खसड हुदै बाजुरा काँडा सम्मको सडक निर्माण कार्यको लागि सम्भाव्यता अध्ययन गर्न पहल गरिनेछ ।
- तालगाड पुल्ल निर्माणको लागि लागत एस्टीमेट (डिपिर) तयार गरी निर्माण कार्य अगाडी बडाईने छ।
- आवश्यकता तथा औचित्यताको आधारमा नगरक्षेत्रका सडकहरुको मर्मत गरिनेछ र सडक सञ्जालले नछोएका टोल बस्तीहरुमा सडक विस्तार गरिनेछ ।
- नगरभित्रका सबै सडकहरको मर्मत सम्भार तथा रेखदेखका लागि मर्मत सम्भार (Road Maintenance Group) कार्यकर्ता राख्ने व्यवस्था गरिनेछ,
- सडक मर्मत कार्यका लागि रोड रोलर र टिपर को व्यवस्था गरिने छ ।

### ३.३ विद्युत् तथा वैकल्पिक ऊर्जा

- नेपाल बिद्युत प्राधिकरणसँगको समन्वय र सहकार्यमा बिद्युतको पहुँच नपुगेका स्थानहरुमा बिद्युतीकरण गरि शतप्रतिसत पहुँच पुर्याईनेछ ।
- साँफेबगर नगरपालिकाको हाटबजार र एयरपोर्ट बजार र अन्य बजार क्षेत्रमा सोलार सडक बत्तिहरुको मर्मत सम्भार र थप सडक बत्तिहरु जडान गरिनेछ ।
- नेपाल विद्युत प्राधिकरणको समन्वयमा नगरक्षेत्रमा अव्यवस्थित रुपमा रहेका विद्युतीय तार तथा पोलहरुको व्यवस्थापन गर्न पहल गरिनेछ ।
- सुधारिएको चुलो कार्यक्रम लाई निरन्तर दिइनेछ ।

### ३.४ स्वःरोजगार तथा युवा प्रवद्धन कार्यक्रम

- उप-मेयर उद्यमशिलता कार्यक्रम मार्फत नगरपालिकाको सम्पूर्ण वडाहरुमा र श्रम बजारको माग आवश्यकता अनुसार बेरोजगार यूवालाई श्रम बजारमा प्रवेश तथा स्वरोजगारको लागि सिपमूलक तालिम दिइ दक्ष बनाउनेछ,
- वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुले प्राप्त गरेको ज्ञान र सीपको आधारमा कार्यक्रम सञ्चालन गरी पुनः स्थापना गरिनेछ।
- युवा तथा उद्यमीहरुलाई नविनतम व्यवसाय सुरु गर्न आवश्यक क्षमता विकास प्रविधि हस्तान्तरण वित्तिय पहुँचमा सहजीकरण र बजारीकरणका कार्यक्रम सँग क्रमश आवद्ध गराई रोजगारी अभिबृद्धिका कार्यक्रम सञ्चालनमा सहजीकरण गरिनेछ ।
- परम्परागत सीप (बाँसबाट: डोको, डालो, थुन्चे दाम्ला, आदी पातबाट: दुना टपरी आदी) तयारी गर्ने व्यक्तिहरुलाई सीप स्तरीकरण र प्रोत्साहन सहयोग तथा उत्पादित सामग्रीहरुको बजारीकरण गर्न स्थायी स्टल निर्माणमा सहजिकरण गरिनेछ ।
- परम्परागत सिपालु कामदार (जस्तै: डकर्मी, सिकर्मी, सिलाई कटाई गर्ने आदी) लाई सीप परिक्षणका लागि सहयोग गरिनेछ ।
- उद्यमशीलता तथा स्वरोजगारः रोजगारी सिर्जनाका लागि स्वरोजगार र साना तथा मझौला उद्यम तथा सेवा क्षेत्रलाई प्राथमिकतामा राखि रोजगारीका कार्यक्रमहरु सिर्जना गर्न सहयोग गरिनेछ,

## ४. वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था

### ४.१ वन तथा जैविक विविधता

- नगर क्षेत्रमा क्रियाशील सामुदायिक बन उपभोक्ता समितिहरुलाई नगरपालिकामा दर्ता गरी सामुदायिक, निजी र सरकारी वन उपभोक्ता समितिको नगर स्तरीय संजाल निर्माण गरी सो मार्फत वन विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- सामुदायिक बनहरुलाई उत्पादनमूलक आयआर्जन क्रियाकलापमा जोडी वन पैदावरको उत्पादन तथा बिक्री सम्बन्धी बार्षिक कार्ययोजना निर्माण गरी उपभोक्ताहरुको क्षमता विकास गरिनेछ ।

### ४.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

- लिफ्ट सिंचाई प्रबिधिको सम्भावना भएका क्षेत्रहरुको पहिचान गरी सो पद्धतिको अवलम्वन गर्न पहल गरिनेछ ।
- सिंचाइ सुविधा उपलब्ध भएको जग्गामा पक्की कुलो निर्माण गरी सिचाईमा पहुँच विस्तार गर्न पहल गरिनेछ ।
- संघ र प्रदेश सरकारको समन्वयमा साँफेबगर नगरपालिका क्षेत्रमा बर्षेनी रुपमा हुने बुढीगंगा तथा अन्य नदी तथा खोलाहरुमा आउने बाढीको कटानबाट जोगाउन बाढी प्रभावित क्षेत्रहरुमा भू-संरक्षण सम्बन्धी कार्यक्रम संचालन गरिनेछ।

- बुढिगंगा नदि तटिय क्षेत्रका वस्ती, खेतीयोग्य जमिन तथा धार्मिक पर्यटकीय क्षेत्रको संरक्षणका लागि तटबन्धन कार्यलाई निरन्तरता दिइनेछ,

**४.३ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन**

- वातावरण मैत्री विकासलाई प्राथमिकता दिइनेछ ।
- सार्वजनिक निजी साझेदारी अवधारणा अनुरुप नगरक्षेत्रको फोहरमैला व्यवस्थापन गरिनेछ ।
- पहिरो प्रभावित तथा सुख्खा र खाली क्षेत्रमा वृक्षारोपण गरिनेछ ।
- जलवायू परिवर्तनको असरलाई न्यूनीकरण गर्न तथा जलाधार क्षेत्रहरुको संरक्षणको लागि रिचार्ज पोखरी निर्माण गरिनेछ।

**४.४ महामारी तथा विपद् व्यवस्थापन**

- विपद् व्यवस्थापन समितिलाई आवश्यकता अनुसार समयसापेक्ष अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- विपद व्यवस्थापन कोषमा आवश्यकता अनुसार बजेट व्यवस्था गरिनेछ ।
- अन्य निकायसंगको समन्वयमा नगरक्षेत्र भित्र सम्भावित ठूला विपद्जन्य घटनालाई दृष्टिगत गरी त्यस्तो प्रकारको घटनाबाट प्रभावितहरुलाई खोज, उद्धार तथा राहतको व्यवस्थाको लागि आवश्यक पहल गरिनेछ ।
- साँफेबगर नगरपालिकाको विपद् जोखिमको अवस्थालाई मध्येनजर गरी नगरपालिका तथा वडा कार्यालयहरुमा विपद् व्यवस्थापन सामग्रीको व्यवस्था मिलाइनेछ ।
- बहुप्रकोपमा आधारित पूर्ब तयारी तालिम संचालन गरिनेछ,
- पहिचान भैसकेको खुला क्षेत्रको संरक्षण तथा प्रबर्द्धनका लागि संघसंस्थाहरु समन्वय गरीनेछ,
- आगलागी जन्य घटनाको पूर्वतयारीका लागि अग्निनियन्त्रण सामग्रीको व्यवस्था मिलाई आवश्यक तालिम सञ्चालन गरिनेछ,
- विपद उत्थानशील नगर बनाउनको लागि आवश्यक नीति निर्माण गरिनेछ, यसको लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्था संग समन्वय गरिनेछ,

## ५. सुशासन तथा संस्थागत व्यवस्था

**५.१ सुशासन तथा सार्वजनिक सेवा प्रवाह**

- सार्बजनिक सुनुवाई, सार्वजनिक लेखा परिक्षण र सामाजिक परिक्षणका माध्यमबाट सार्वजनिक सेवा प्रवाहमा सुधार गर्दै मितव्ययी, पारदर्शी एवं उत्तरदायी प्रशासनमा जोड दिइनेछ ।
- नगरपालिकाले प्रदान गर्ने सेवाहरुलाई डिजीटाइजेशन गर्ने गरी एकीकृत तथा अन्तर–आवद्द प्रविधि तथा तथ्याङ्क भण्डार र यसको विकासमा जोड दिइनेछ ।
- सर्वसाधारणका लागि नगरपालिकाबाट प्रवाह हुने सूचना तथा जानकारीलाई प्रविधिमैत्री सहित डिजिटल नागरिक वडापत्र जडान गरिनेछ ।
- नगरपालिकाको अर्ध/वार्षिक समिक्षात्मक कार्यक्रम संचालन गरिनेछ ।
- टोल विकास संस्थाहरुलाई आवश्यकता औचित्यताको आधारमा साधन स्रोत परिचालन गरी क्षमता विकास गरिनेछ ।
- प्रशासनलाई प्रभावकारी वनाउन कर्मचारीलाई बदलिदो परिस्थति अनुसारको सिप, ज्ञान र क्षमता अभिबृद्धिका लागि विभिन्न किसिमका तालिम तथा अभिमूखिकरणको आयोजना गरिनेछ ।
- वडाको राजश्व क्षमता तथा कार्य सम्पादनको आधारमा त्यहाँ कार्यरत कर्मचारीको सेवा सुविधा थप गर्न सकिनेछ ।
- नगरपालिकाको क्षमता विकास योजना, आन्तरिक नियन्त्रण प्रणाली निर्माण एवं कार्यान्वयन गरिनेछ,
- नगरपालिकाको आवधिक योजना निर्माण गर्नुका साथै नगर प्रोफाइल अपडेट गरिनेछ,

**५.२ सङ्गठनात्मक विकास**

- नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने कार्यलाई अगाडी बढाइनेछ ।
- असल अभ्यासहरुलाई ग्रहण गरी कार्यान्यिन गर्न कर्मचारी र जनप्रतिनिधि सहितको अध्ययन अवलोकन भ्रमणको व्यवस्था गरिनेछ ।

- कर्मचारीहरुको सीप, क्षमता तथा ज्ञानको विकासमा जोड दिई कर्मचारीलाई सक्षम र सवल सहित प्रशासनिक तथा प्राविधिक कर्मचारीलाई प्रविधिमैत्री क्षमता विकास तालिम दिइनेछ ।
- नगरपालिकाको स्थापना दिवसको अवसर पारेर सर्वोत्कृष्ट कार्य गर्ने कर्मचारीहरुलाई सम्मान तथा पुरुस्कृत गरिनेछ ।
- वडा तहको अनुगमन तथा सुपरीवेक्षण कार्यलाई प्राथमिकताका साथ अगाडी बढाईने छ ।
- कर्मचारी लाई उत्प्रेरित गर्न मौद्रिक तथा अमौद्रिक सुविधाहरु थप गरिनुका साथै कर्मचारी आवासका लागि यसै आ.व. मा कार्य अगाडि बढाइनेछ,

**५.३ सूचना, सञ्चार तथा प्रविधि**

- नगरपालिकाको सूचना प्रणाली पारदर्शी बनाइने नीति लिइनेछ ।
- नगरपालिकामा प्रयोग गरिने विभिन्न प्रणालीहरुको प्रयोग थप व्यवस्थित गरि आवश्यकताको आधारमा नया प्रणालीहरुको निर्माण गरी उपयोगमा ल्याई सञ्चालन गरिनेछ ।
- सूचना प्रविधि सम्बन्धि साक्षरता तालिम र अभिमुखीकरण कार्यक्रम गरिनेछ ।
- सूचना प्रविधि सम्बन्धि जनप्रतिनिधि र कर्मचारी लाई क्षमता विकास तालीम गरिनेछ ।
- सूचना तथा संचार, प्रविधि सम्बन्धित विभिन्न दिवस मनाईने छन् ।
- "साँफेबगर विकास संवाद" नामक कार्यक्रम संचालन गरिनेछ।

**५.४ श्रोत परिचालन**

- करदाताको विवरण विद्युतीय माध्यमद्वारा कर प्रणालीमा आवद्ध गरी व्यक्तिगत कर पहिचान नम्वर प्रदान गर्ने तर्फ प्रयत्न गरिने छ ।
- राजश्व सुधार सम्बन्धी चौमासिक रुपमा समिक्षा गरिनेछ ।
- नगरपालिकाको आन्तरिक स्रोत बृद्धिका लागि करको दायरा बढाउन करदाता दर्तालाई अभियानको रुपमा संचालन गरिनेछ ।
- सम्पति कर ,घर बहाल कर, बहाल बिटौरी कर, व्यवसाय कर लगायत अन्य सम्पूर्ण क्षेत्रलाई करको दायरामा ल्याईनेछ ।
- कर प्रशासनलाई चुस्त, सरल र प्रविधिमैत्री बनाई करदाताको अधिकतम सहभागिता सुनिश्चित गरिनेछ ।
- राजश्व प्राणालीलाई आधुनिक प्रविधिको प्रयोग मार्फत न्यायपूर्ण एवं पारदर्शी बनाई नगरपालिकाको आन्तरिक आय बढाउने प्रयत्न गरिने छ ।
- नगरक्षेत्र भित्र संचालित आर्थिक कारोवार गर्ने विभिन्न संघ संस्थाहरुसँग आवश्यक समन्वय गरी राजश्व संकलन गरिने छ ।
- सम्पति कर लागू हुन बाँकी रहेका वडाहरुलाई सम्पति करको दायरामा ल्याईनेछ ।
- राजश्व सुधार कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ ।
- राजस्व परिचालनको लागि लागत साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ
- आन्तरिक आय वृद्धिको लागि सम्पति कर ,घर बहाल कर, बहाल बिटौरी कर लगाई १४ वटै वडामा व्यवसाय दर्ता शिविर सञ्चालन गरिनेछ ।

**५.५ योजना व्यवस्थापन**

- नगर भित्र सञ्चालित योजना तथा कार्यक्रमहरुको गुणस्तर परिक्षणका लागि विभिन्न चरणमा अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।
- सफल र उदाहरणीय कार्य सम्पन्न गर्ने योजना निर्माण उपभोक्ता समितिलाई पुरस्कृत गरिनेछ ।

**५.६ न्यायिक समिति**

- मेलमिलाप सम्बन्धी आधारभुत तथा पुनर्ताजगी तालिम संचालन गरी प्रत्येक वडामा मेलमिलाप केन्द्रको व्यवस्थापन गरिनेछ
- मेलमिलाप केन्द्रहरुमा आवश्यकता तथा औचित्यताको आधारमा साधन स्रोत उपलब्ध गराइनेछ ।
- मेलमिलाप केन्द्रहरुको प्रभावकारी अनुगमन तथा नियमनको व्यवस्था मिलाइनेछ ।
- न्यायिक समितिको कार्यालय तथा इजलास व्यवस्थापन र क्षमता विकास गरी न्याय सम्पादनलाई प्रभावकारी बनाइनेछ ।
- न्यायिक समिति, कार्यपालिका,कानुन शाखा, मेलमिलापकर्ता अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।
- मेलमिलाप कार्यको लागि आवश्यक बजेटको व्यवस्था गरी मेलमिलापकर्ताहरुलाई परिचालन गरिनेछ ।

- न्यायिक समितिमा आउने विवादहरुको सरल र सहजरुपमा समाधानको लागि माकुरा समूह सँग सहकार्य गरिनेछ ।
- न्यायिक समिति,कानुन शाखा,मेलमिलापकर्ता र माकुरा समूहको सिकाई तथा अन्य स्थानीय तहका असल अभ्यासको बारेमा जानकारी हासिल गर्न अध्ययन अवलोकन भ्रमणको व्यवस्था मिलाइनेछ
- न्यायिक समितिको काम, कर्तव्य र अधिकारको बारेमा समुदायमा अन्तरक्रिया तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।
- आवश्यकता र औचित्यताको आधारमा विभिन्न ऐन, नियम, निर्देशिका, कार्यविधि, नीति, रणनीति तथा मापदण्डहरु निर्माण गरी प्रभावकारी कार्यान्वयन गरिनेछ ।

**सभा अध्यक्षज्यू,**

**नगरसभा सदस्यज्यू,**

अन्तमा साँफेबगर नगरपालिकाको सर्वाङ्गिण विकौसको लागि हामीले प्रस्तुत गरेको नीति तथा कार्यक्रमले समेट्न नसकेको क्षेत्र परिस्थिती अनुरुप आत्मसात गर्दै परिणाममुखी कार्यलाई प्राथमिकतामा राख्ने नीति लिइनेछ र नीति तथा कार्यक्रमले निर्दिष्ट गरेका क्षेत्रमा नपरेका क्षेत्रको व्यवस्थापन गर्दै आर्थिक, सामाजिक,राजनीतिक विकासको कार्यलाई निरन्तरता दिइनेछ । यस कार्यमा सबै क्षेत्रको उत्तिकै रुपमा साथ सहयोगको अपेक्षा गर्दै नीति कार्यक्रम निर्माणमा सहयोग पुर्याउने सबैलाई धन्यवाद दिन चाहन्छु ।

धन्यवादः

**शिव बहादुर कुँवर**
**नगर उप-प्रमुख**